# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड १०  संख्या ३  स्थानीय राजपत्र  भाग २ मिति २०८३।०२।२०**

**करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८३**

**प्रस्तावनाः** नेपालको संविधानको धारा ३४ को उपधारा (२) अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई सुनिश्चितता गर्न वाञ्छनिय भएकाले घोराही उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि घोराही नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने  सम्बन्धी कार्यविधि, २०८३"** रहेको छ ।

(२) यो कार्यविधि घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाले पारित गरेको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

(क) **"कार्यविधि"** भन्नाले "करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८३" सम्झनु पर्छ ।

(ख) **"नगरकार्यपालिका"** भन्नाले घोराही उपमहानगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "**नगरपालिका**" भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(घ) **"सभा"** भन्नाले घोराही उपमहानगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(ङ) **"वडा"** भन्नाले घोराही उपमहानगरपालिकाका सबै वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(च) **"प्रमुख"** भन्नाले घोराही उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(छ) **"उप प्रमुख"** भन्नाले घोराही उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले घोराही उपमहानगरपालिका, नगरकार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) **"सामाजिक सुरक्षा कोष"** भन्नाले संघीय सरकारबाट बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्छ ।

(ञ) **"करार कर्मचारी"** भन्नाले घोराही उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालय र घोराही उपमहानगरपालिका अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्छ ।सो शब्दले ३ वर्ष भन्दा अगाडीदेखि संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमतर्फ एकल वा नगरपालिकासँगको साझेदारीमा करारमा नियुक्त भई अविछिन्न रुपमा कार्य गरिरहेका कर्मचारीहरु समेत बुझिनेछ।

## ३. जिम्मेवारी र उत्तरदायित्वः

(१) नगरपालिका भित्र, वडा कार्यालय र यस मातहत रहेका घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले तलब भत्ता भुक्तान गर्ने करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउनु घोराही उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयको जिम्मेवारी रहने छ।

(२) नगर कार्यपालिकाले आफ्ना करार कर्मचारीहरुका लागि बार्षिक रुपमा आवश्यक पर्ने रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चितता गरी नगरसभाबाट बिनियोजित गराउनु पर्नेछ।

(३) घोराही उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयमा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भए पश्चात स्वतः लागु हुनेछ ।कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन ईच्छुक कर्मचारीहरुको खाईपाई आएको तलबको कम्तिमा ६० प्रतिशत तलबलाई आधारभूत तलब मानी त्यसको २० प्रतिशत घोराही उप-महानगरपालिका, नगर कार्यपालिका कार्यालय अर्थात रोजगारदाताबाट र ११ प्रतिशत सम्बन्धित करारका कर्मचारी अर्थात योगदानकर्ताको तर्फबाट सामाजिक सुरक्षा कोषमा जम्मा गर्नेछ ।

**४. समिति गठनः** (१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन महाशाखा प्रमुख - सदस्य

(ग) सूचना तथा संचार प्रविधि शाखा प्रमुख -सदस्य

(घ) सामन्य प्रशासन महाशाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) नगरकार्यपालिका वा अन्तरगतका कार्यालयहरुमा निरन्तर ३ वर्ष वा सो समय भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने संख्याको एकिन गर्ने।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, सो सम्वन्धमा वनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गरिएका परिपत्रहरुमा सम्वन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने।

(ग) अनलाईन माध्यमबाट नगरकार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसंग समन्वय गरी सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

**५. थपघट, हेरफेर वा संसोधनः**

नगरकार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. बाधा अड्काउ फुकाउः**

यो कार्यविधि कार्यान्वयनको सम्वन्धमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**७. खारेजी तथा बचाउः**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची -१

निवेदनको ढाँचा

मिति — २०.../...../.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ ।

<u>**बिषय : सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सुचिकृत गरिदिनुहुन ।**</u>

प्रस्तुत विषयमा यस घोराही उप-महानगरपालिका अन्तर्गतका कार्यालयमा म करार सेवामा कार्यरत रहेकाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २१ अनुसार योगदानकर्ताको रुपमा सूचीकृत हुन ईच्छुक भएको हुँदा **घोराही उपमहानगरपालिकाको करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२** बमोजिम सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

<u>निवेदक</u>
हस्तक्षरः
नामः
पदः

आज्ञाले,
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत